निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं
दर्ता नं. ०७
मिति: २०८२/०४/०१

मिति : २०८२ साउन १

श्रीमान् सचिव ज्यू

निर्वाचन आयोग नेपाल ,कान्तिपथ ,काठमाडौं ।

विषय : - राष्ट्रिय स्वतन्त्र पार्टीको नाम र चुनाब चिन्ह संशोधन गराई पाउँ ।

महोदय ,

उपरोक्त सम्बन्धमा यो जानकारी गराउन चाहन्छु कि - मिति २०७९ असार १७ गतेका दिन काठमाडौं महानगरपालिका वडा नं. १६ चमती ,बनस्थली काठमाडौंमा पार्टी कार्यालय राखी तत्कालीन अमेरिकी नागरिक रवि लामिछानेको नेतृत्वमा दर्ता भएको दल दर्ता नं. १८७ रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको नाम र चुनाब चिन्ह संशोधन गर्नुपर्ने भएकोले सो सम्बन्धी विषय यस निवेदनमार्फत उठाइएकोले उल्लेखित माग र विषयको सुनुवाई गरिदिनुहुन प्रस्तुत निवेदन पेश गरेको छु ।

अत राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो नाममा जोडेको स्वतन्त्र भन्ने शब्दले स्वतन्त्र उम्मेदवारहरुको स्वतन्त्र भएर चुनाब लड्न पाउने कानुनी अधिकार र पहिचानलाई समेत मेटाएको ,स्वन्तन्त्र भन्ने शब्दको चिर हरण भएको ,आम जनतलाई भ्रम छर्न र आफूहरु स्वतन्त्र हो भनी भोट बटुल्ने ,जनता र मतदाताको आँखामा छारो हालेर आफ्नो निहित स्वार्थ पुरा गर्न खोजेको ,साथै कुनै पनि राजनीतिक दल गठन हुन निश्चित विचार ,सिद्धान्त ,उद्धेश्य ,नीति ,कार्यक्रमहरुको आवश्यकता पर्ने गर्दछ ,अत राजनीतिक दल केही नभएको स्वतन्त्र हुन सक्दैन । पार्टी स्वतन्त्र हुन सक्दैन ,पार्टीले आफ्ना कार्यक्रमहरु स्वतन्त्र तरिकाले गर्न सक्छ तर पार्टी आफैं स्वतन्त्र समेत हुन सक्दैन अत तत्काल राष्ट्रिय स्वतन्त्र पार्टीको स्वतन्त्र भन्ने शब्द सच्याई सो शब्द पार्टीको नामबाट हटाउनु हुन यसै निवेदनमार्फत अनुरोध गर्न माग गर्दछु ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीले चुनाब चिन्हको रुपमा प्रयोग गरेको भनिएको घण्टी समेत दुई तिहाई हिन्दुहरुको मुल्य मान्यता ,आस्था ,विश्वाससँग जोडिएको छ । विशेष त हिन्दु धर्मावलम्वीहरुले पुजा पाठमा प्रयोग गर्ने घण्टीलाई पार्टीको चुनाब चिन्ह बनाउनु भनेको धार्मिक मान्यता ,इतिहास बोकेको घण्टीको राजनीतिक दुरुपयोग हो ,अत राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिन्ह घण्टी दुई तिहाई भन्दा बढी धर्मावलम्बीहरुको आस्था ,विश्वासको केन्द्र रहेकोले त्यसरी कसैको आस्थामाथि प्रहार गरी घण्टीलाई चुनाब चिन्ह दिन मिल्दैन । साथै निर्वाचन आयोगले नेपालको राष्ट्रिय झण्डा ,नेपालको राष्ट्रिय निशान छाप , राष्ट्रिय फूल लालिगुराँस ,राष्ट्रिय रंग सिम्रिक ,राष्ट्रिय जनावर गाई ,राष्ट्रिय पंक्षी डाफें ,नेपालको नक्सा ,राष्ट्रिय पहिचान बोकेका व्यक्तिहरुका तस्वीर वा राष्ट्रिय पहिचान भएका तस्वीर वा चिन्ह दललाई प्रदान नगर्ने भनी निर्णय समेत गरेको अबस्था छ। साथै यदि कसैले त्यस्तो चुनाव चिन्ह प्राप्त गरेको रहेछ भने सो चुनाव चिन्ह पुनरावलोकन गर्ने पनि आयोगले निर्णय गरेको छ । अत घण्टी हिन्दु धर्मावलम्वीहरुको साझा प्रतिक हो ,आस्था हो ,विश्वास हो अत राष्ट्रिय पहिचान भएको घण्टीलाई कुनै पनि रुपमा चुनाब चिन्ह वनाउन पाइदैन , साथै धर्म निरपेक्षताको सिद्धान्तलाई स्वीकार गर्ने पार्टीले हिन्दुहरुको आस्था भएको घण्टीलाई चुनाव चिन्ह बनाउन मिल्ने विषय समेत होइन । अत सो चुनाव चिन्ह संशोधन गरी पाउँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक

युवराज सफल